# समाज कल्याण परिषद्

पुल्चोक, ललितपुर ।

## गोप्य सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१६**

यस परिषद् कार्यालयको लागि आवश्यक दरभाउपत्र फाराममा स्पेसिफिकेशन उल्लेख भए बमोजिमको सि.सि.टि.भि./क्यामरा खरिद तथा जडान कार्य गर्नुपर्ने भएकोले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना आह्वान गरिन्छ । सूचनासँग सम्बन्धित विस्तृत जानकारी परिषद्को सूचनापाटी तथा वेभसाईट www.org.np मा समेत राखिएको छ ।

**समाज कल्याण परिषद्**

पुल्चोक, ललितपुर

फोन नं. ०१-५४५५४४८

CamScanner

## समाज कल्याण परिषद्

## गोप्य सिलबन्दी दरभाउपत्रका शर्तहरु

समाज कल्याण परिषद् केन्द्रीय कार्यालय,पुल्चोक, परिषद् मातहतको भृकुटीमण्डप व्यवस्थापन विभाग, भृकुटीमण्डप परिसर र टुकुचा तरकारी बजार लगायतका क्षेत्रहरुमा सि.सि.टि.भि./क्यामरा खरिद तथा जडान कार्यका लागि नियमानुसार खुला प्रतिस्पर्धाबाट खरिद गरी आपूर्ति गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त फर्म/कम्पनीहरुबाट राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मिति देखि १५ दिन भित्र रु. १०००(एक हजार रुपैयाँ फिर्ता नहुने गरी) तिरी कार्यालयलाई उपलब्ध गराउने सामाग्रीहरु र सोसँग सम्बन्धित् शर्तहरु तथा सामानहरुको सूचि विवरण सहितको फाराम सूचनामा उल्लेखित् स्थान तथा समयभित्र परिषद्को केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुरमा आईपुग्ने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न सूचित गरिन्छ ।

**शर्तहरु :**

१) गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ फर्म/कम्पनी दर्ताको ईजाजतपत्र, नविकरण सहितको आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्रहरुको नोटरी पव्लिकबाट प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२) गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्दा सि.सि.टि.भि. खरिद तथा जडानको लागि अनुमानित लागत रु. १३,४३,१७४।५० (अक्षेरुपी तेह्र लाख त्रिचालिस हजार एक सय चौहत्तर रुपैयाँ पचास पैसा मात्र)को २.५ प्रतिशतले हुने रकम रु.३३,५८०।-(तेंत्तीस हजार पाँच सय असी रुपैयाँ मात्र) जमानत धरौटी बापत परिषद्को ठमेल स्थित रा.बा.बैंक च.हि.नं.११००१००००००४००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकले तोकेको “क” वर्गको बाणिज्य बैंकहरु मध्येबाट कुनै एकमा दरखास्त खोल्ने दिनबाट कम्तीमा ७५ दिन मान्य अवधि रहने गरी निःशर्त जारी बैंक जमानतको सक्कलै पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएपछि कबोल अंकको ५ प्रतिशतले नपुन हुने रकम बैंक दाखिला भौचर वा कम्तीमा १ वर्षको परफरमेन्स बोण्ड पेश गर्नु पर्नेछ ।

३) गोप्य सिलबन्दी दरभाउपत्र फाराम नेपाली वा अंग्रेजी भाषामा भर्न सकिने छ ।

४) गोप्य सिलबन्दी दरभाउपत्र फाराममा अंक अक्षर भर्दा स्पष्ट हुनेगरि भर्नु पर्नेछ । अंक र अक्षर भरेकोमा विवाद आएमा अक्षरलाई मान्यता दिइने छ ।

५) म्यादनाघी वा रितपूर्वक नआएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

६) गोप्य सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार परिषद्मा निहीत रहनेछ ।

७) शर्त सहितको दरभाउपत्र मान्य हुने छैन ।

८) प्रचलित कानून बमोजिमको तिर्नु पर्ने राजश्व एवँ करहरु बापतको रकम सम्वन्धित फर्मले नै व्यहोर्नु पर्नेछ ।

९) गोप्य सिलबन्दी दरभाउपत्रको लागि प्रथम पटक प्रकाशित सूचनाको मितिले १५ औं दिनको कार्यालय समय भित्र दरभाउपत्र खरिद गरी उल्लेखित् सामाग्रीहरुको दररेट कबोल गरी पेश गर्नु पर्नेछ । प्राप्त दरभाउपत्रहरु दरभाउपत्रदाता वा दरभाउपत्रदाताको प्रतिनिधिको रोहबरमा १६ औं दिनको २.०० बजे परिषद् कार्यालयले तोकेको समय र स्थानमा खोलिनेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिन सोही स्थान र समयमा खोलिने

CamScanner

छ । साथै उक्त दिनमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि परिषद्का कर्मचारीको रोहवरमा दरभाउपत्र खोलिने छ ।

१०) स्वीकृत सामानको माग गर्दा कूल संख्यामा २० प्रतिशत थपघट हुन सक्ने छ ।

११) स्वीकृत दरभाउपत्रदातालाई ७ दिनको अवधि दिई परिषद्संग करार सम्झौता गर्न बोलाईने छ । यस अवधिमा सम्झौता गर्न नआएमा परिषद्ले जमानत वापत राखिएको धरौटी रकम जफत गरि अन्य दरभाउपत्रदातालाई सम्झौताको लागि बोलाउन सक्नेछ ।

१२) गोप्य सिलबन्दी दरभाउपत्रसाथ दरभाउपत्रदाताले आफ्नो योग्यताका आधार सम्वन्धी थप कागजात समेत पेश गर्नु पर्नेछ । जस्तै :- कार्य अनुभव, प्राविधिक क्षमता, वार्षिक आर्थिक क्षमता आदि ।

१३) गोप्य सिलबन्दी दरभाउपत्र फारममा आधिकारिक व्यक्तिको सहीछाप हुनु पर्नेछ ।

१४) गोप्य सिलबन्दी दरभाउपत्र खरिद गरको फर्म/कम्पनीको नामबाट भर्नु पर्नेछ अन्यथा दरभाउपत्र मान्य हुने छैन ।

१५) एक पटक दाखिला भएको दरभाउपत्र फिर्ता लिन दिन पाइने छैन ।

१६) सामानको गुणस्तर नाप जाँच पश्चात् मात्र भुक्तानी गरिने छ ।

१७) देहायको रीत नपुगेको दरभाउपत्रमा कारवाही गरिने छैन :-

क) परिषद्बाट विक्री भएको दरभाउपत्र फाराम भरी नआएको,
ख) गोप्य दरभाउपत्रका हकमा लाहाछाप वा सीलबन्दी भई नआएको,
ग) दरभाउपत्र दिनेको सहीछाप भई नआएको,
घ) म्याद भित्र दाखिला हुन नआएको,
ङ) दरभाउपत्र आह्वान गरेको सूचना बमोजिम जमानत बापतको रकम साथ नभएको ।

१८) कुनै दरभाउपत्रवालाले आफ्नो वा अरु कसैको दरभाउपत्रको सम्वन्धमा कुनै किसिमको अनुचित प्रभाव पार्न वा दवाव दिन प्रयास गरे/गराएमा त्यस्तो दरभाउपत्रवालाको दरभाउपत्र अस्वीकृत गर्न सकिने छ र त्यसरी दरभाउपत्र अस्वीकृत गरिएमा सोको जनाउ सम्बन्धीत फर्म/कम्पनीलाई गराई सोको अभिलेख राखिने छ ।

१९) अन्य थप कुराहरु प्रचलित कानून बमोजिम हुनेछ साथै थप जानकारीको लागि परिषद् कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

समाज कल्याण परिषद्
पुल्चोक, ललितपुर
फोन नं.:०१-५४५५४४८